तिलाठी कोइलाडी गाउँपालिका
पशु विकास शाखा

तिलाठी, सप्तरी
मधेश प्रदेश, नेपाल

प.सं. २०८२।०८३
सूचना नं.:०२ / पशु विकास शाखा

मिति :- २०८३/०१/१०

५०% अनुदानमा च्याफकट्टर खरिदका लागि दरखास्त आहवान सम्बन्धि सूचना !!!
(प्रथम पटक प्रकाशित मिति २०८३/०१/१०)

यस कार्यालय अन्तर्गतका पशु विकास शाखाको आ.व. २०८२/०८३ को वार्षिक कार्यक्रम अन्तर्गतको "च्याफकट्टर खरिद तथा वितरण कार्यक्रम" अनुसार ५०% अनुदानमा कृषक समुह /समिति/व्यावसायिक फार्म मार्फत च्याफकट्टर मेसिन वितरण गर्नुपर्ने भएको हुँदा यस गा.पा.अन्तर्गत पशु विकास शाखामा दर्ता/नविकरण भएका (पशुपन्छी) कृषक समुह/समिति/ व्यावसायिक फार्महरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तपसिल बमोजिमको कागजात सहित कार्यालय समय भित्र पशु विकास शाखामा आवेदन दर्ता गराउनु हुन् यो सूचना प्रकाशित गरिएको छ। साथै तोकिएको समयमा आवेदन दर्ता नगराएका समूह/समिति/व्यावसायिक फार्महरुले कार्यक्रममा सहभागी हुन् नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

शर्तहरु:-

१. यो सूचना प्रकाशन भएको मिति भन्दा अगाडी यस तिलाठी कोइलाडी गा.पा. पशु विकास शाखामा दर्ता भएका कृषक समूह/समिति/व्यावसायिक फार्महरु मात्र यस कार्यक्रममा समावेश हुन् सक्ने ।
२. कृषक समुह/समिति/व्यवसायिक फार्महरु नविकरण भएको हुनु पर्ने ।
३. एक पटक च्याफकट्टर प्राप्त गरिसकेको व्यक्तिले पुनः नपाउने ।

तपसिल

१. रु.१०/- को टिकट टाँस सहित च्याफकट्टर मांग संख्या खुलेको आवेदन ।
२. कृषक समुह/समिति/व्यवसायिक फार्मको हकमा ५०% अनुदानमा च्याफकट्टर खरिद गर्ने सम्बन्धमा बैठकमा गरेको माइन्युटिंगको प्रतिलिपी थान-१ (च्याफकट्टर लिने व्यक्तिको नाम, ठेगाना समेत माइन्युतिंगमा उल्लेख भएको हुनु पर्ने)
३. च्याफकट्टर लिने व्यक्तिको नागरिकता प्रमान्पत्रको प्रतिलिपी थान-१
४. कृषक समुह/समिति/व्यवसायिक फार्मको दर्ता/नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी थान-१

नि.प्रमुख प्रशासकीय अधिकृत
राजु कुमार झा
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
श्री सूचना प्रविधि शाखा :- यो सूचना लाई गा.पा. को वेबसाईटमा अपलोड गरिदिन नि.